# स्थानीय राजपत्र

खण्डः १ | संख्याः २० | प्रकाशित मितिः२०७९/०१/०६

भाग-२

तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित

# संस्था दर्ता नियमावली, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# तुम्बेवा गाउँपालिका, पाँचथरको संस्था दर्ता नियमावली,२०७९

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११)

## तुम्बेवा गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मौवा, पाँचथर**

कोशी प्रदेश, नेपाल

तुम्बेवा गाउँपालिका, पाँचथरको संस्था दर्ता नियमावली, २०७९

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने नियमावली नियमित गर्नको लागि तुम्बेवा गाउँपालिका, पाँचथरको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि तुम्बेवा गाउँपालिका क्षेत्र भित्र संविधान, ऐन, कानून अनुकुल हुने गरि कार्य गर्नको लगि विभिन्न संस्था (क्लव, खेलकुद विकास समिति, मठ मन्दिर, गुम्वा संरक्षण समिति, फर्म, जलश्रोत समिति, पानीका मूल दर्ता, उपभोक्ता समिति, प्रतिष्ठान, कला साहित्य, शैक्षिक संस्था, अक्षयकोष, सामुदायिक विकास कोष, समूह, संस्था, गाउँपालिका तथा वडास्तरीय विविध संजालहरु आदि) दर्ता गरि गाउँपालिकाका विविध कार्यहरुमा व्यवस्थित तवरले संचालन गर्न/गराउन वान्छनीय भएकोले तुम्बेवा गाउँ कार्यपालिकाले यो नियमावली वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो नियमावलीको नाम “संस्था दर्ता नियमावली, २०७९” रहेको छ ।
(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ । नियमावली तुम्बेवा गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने स्थायी वासिन्दाहरुको हकमा मात्र लागु हुनेछ ।

२. परिभाषा : क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ऐन भन्नाले तुम्बेवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनुपर्छ ।

ख) गाउँपालिका भन्नाले तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मौवा, पाँचथरलाई बुझाउनेछ ।

३. दर्ताको लागि निवेदन : नियमावली बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले आमभेलाद्धारा तदर्थ कार्य समिति वनाई संविधान, कानूनसँग नबाझ्ने गरि संस्थाको विधान तयार गरि कार्यसमितिबाट स्वीकृत तथा प्रमाणित गरि एक प्रति सो समेत संलग्न राखी एकहजार रुपैंया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची -१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. संस्थाको दर्ता र प्रमाण-पत्र : बुंदा ३ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

५. दर्ताको अवधि, नवीकरण र दस्तुर :

(१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपबुंदा (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृतबाट पाँचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपबुंदा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकीय

अधिकृतले उपबुंदा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपबुंदा (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु.१००।- (

ख) उपबुंदा (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु.२५०।-

(ग) उपबुंदा (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु.५००।- को दरले दुई आर्थिक वर्षको लागि रु.१,०००।-

(४) उपबुंदा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपबुंदा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पांच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षका लागि एकसय रुपैंया दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली तथा नेपाली नगरिकताको प्रमाण पत्रको फोटो कपी संलग्न गर्नु पर्नेछ ।

(७) उपबुंदा (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको अभिलेख गाउँ कार्यपालिकाको कार्यालयमा राख्नु पर्नेछ ।

८. बचाऊ र खारेजी

(क) यस नियमावलीलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।
(ख) विगतमा जिल्ला डिभिजन सहकारी, जिल्ला प्रशासन कार्यालय, जि.वि.स. आदि आधिकारीक निकायमा दर्ता भएका उल्लेखित संघसंस्थाहरुलाई यसै नियमावली वमोजिम नविकरण गरि प्रतिलिपि उपलब्ध गराईनेछ ।
(ग) यो नियमावली निर्माण हुनु अगाडी भए गरेका काम काज यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।

## अनुसूचि १

(बुंदा ३ सगँ सम्बन्धित)

### निवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको
कार्यालय, मौवा, पाँचथर ।

महोदय, यस तुम्बेवा गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन तथा प्रस्तावित संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरि पेश गरिएको व्यहोरा अनुरोध छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु
:- (क) (ख)
(ग)

३. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

....................
संयोजक/अध्यक्ष

## अनुसूची-२

५

(बुंदा ४ सगँ सम्बन्धित)

## संस्थाको दर्ता किताव

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्धेश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना तथा सहिछाप | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-३
(बुंदा ४ सगँ सम्बन्धित)

तुम्बेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश, नेपाल

## संस्था दर्ताको प्रमाण-पत्र

संस्था दर्ता नियमावली, २०७९ (तुम्बेवा गाउँपालिका) को बुंदा ४ बमोजिम .......... साल .......... महिना .......... गतेमा गठित श्री .................................. लाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण-पत्र दिइएको छ ।

दर्ता नं.: मिति
:

संस्था रहेको ठेगाना :

.................................. प्रमुख प्रशासकीय अधिकृत नवीकरण विवरण

| नवीकरण | दर्ताको प्रमाण पत्र वहाल रहने अवधी | नवीकरण दस्तुर | नविकरण अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |